स्वतन्त्र तथा निष्पक्ष चुनावका पूर्वाधारहरु विषयक गोष्ठीको

प्रतिवेदन



प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इनसेक)
काठमाडौं

"स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका पूर्वाधारहरू" विषयक गोष्ठीका वक्ताहरू उद्घाटन समारोहमा

"स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका पूर्वाधारहरू"
गोष्ठीको प्रतिवेदन

प्रकाशक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इनसेक)
काठमाडौं

प्रकाशन : २०४७ साल
प्रति: १००० प्रथम
सहयोग रु. ५।-

"स्वतन्त्र तथा निस्पक्ष निर्वाचनका पूर्वाधारहरू"

गोष्ठीको प्रतिवेदन

निस्पक्ष तथा स्वतन्त्र आम निर्वाचनका पूर्वाधार विषयक इनसेकद्वारा आयोजित तीन दिने गोष्ठी मंसीर १३, १४ र १५ गते काठमाडौंमा सम्पन्न भयो । गोष्ठीका उद्घाटन स्वास्थ्य मन्त्री तथा मानव अधिकार संरक्षण मन्चका अध्यक्ष डा. मथुरा श्रेष्ठले गर्नु भएको थियो । उक्त अवसरमा गोष्ठीलाई सम्बोधन गर्दै निस्पक्ष तथा स्वतन्त्र आम निर्वाचन नै जनआन्दोलबाट प्राप्त प्रजातन्त्रलाई सस्थागत गर्ने महत्वपूर्ण प्रक्रिया हो भन्ने वास्तविकता प्रति सहभागीहरुको ध्यानाकर्षण गर्नु भयो । आउने आम निर्वाचनलाई स्वतन्त्र तथा निस्पक्ष रुपमा सम्पन्न गर्ने दायित्व पुरा गर्न जनतालाई उनीहरुको मताधिकार प्रति सचेत गर्नु पर्ने कुरा प्रति पनि जोड दिनु भयो ।

गोष्ठीको उद्घाटन समारोहलाई नेपाल बार एसोशिएसनका अध्यक्ष वासुदेव प्रसाद ढुङ्गाना, पाकिस्तानको सर्वोच्च अदालतका भू.पू. न्यायधिश डोराव पटेल, त्रि.वि.वि.का भू.पू. उपकुलपति सूर्य प्रसाद शाक्य, वरिष्ठ अधिवक्ता रामानन्द प्रसाद सिंह तथा नेपाल कम्यूनिष्ट पार्टी (माले) का केन्द्रिय कमिटीका सदस्य खड्ग ओलीले पनि सम्बोधन गर्नु भएको थियो । कानून अनुसन्धान तथा विकास फोरम (फ्रिडिल) का संयोजक भरतराज उप्रेतीले गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो । उद्घाटन समारोहको अध्यक्षता गोष्ठीको आयोजक इन्फरमल सेक्टर रिसर्च सेन्टर (इनसेक) का संयोजक सुशील प्याकुरेलले गर्नु भएको थियो ।

गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्ने क्रममा अधिवक्ता भरतराज उप्रेतीले निस्पक्ष तथा स्वतन्त्र निर्वाचन सम्पन्न गर्ने दायित्व सरकार लगायत गैर सरकारी संगठनहरु, बुद्धिजीवी समेतको हो, भन्ने विचार व्यक्त गर्नु भयो । साम्प्रदायिक प्रभाववाट मूक्त राख्न सकिएमा निर्वाचन

बढि निस्पक्ष र स्वतन्त्र हुनेछ भन्ने विचार पनि वहाँले व्यक्त गर्नु भयो । प्रजातान्त्रिक सरकारको विकास प्रजातान्त्रिक आम निर्वाचनको मूलभूत पूर्वाधार हो भन्ने कुरामाथि बढि जोड दिदै भावी आम निर्वाचनलाई पूर्ण रुपमा स्वतन्त्र तथा निस्पक्ष बनाउने हांकलाई निर्वाचन आयोगले गंभिरतापूर्वक लिनु पर्दछ भन्ने राय पनि वहाले व्यक्त गर्नु भयो ।

गोष्ठीको उद्देश्यमा प्रकाश पार्ने कार्यक्रम पछि प्रमुख अतिथि डा. मथुरा प्रसाद श्रेष्ठले गोष्ठीको उद्घाटन भएको घोषणा गरि सभालाई विचार उत्तेजक संवोधन समेत दिनु भएका थियो । सम्वोधनको क्रममा वहाले वन्दूक, पैसा र गुण्डगर्दीले निर्वाचनलाई गंभीर रुपमा असर पार्दछन अतः यस्ता कुराप्रति जनतालाई सचेत गर्नु पर्दछ भन्ने विचार व्यक्त गर्नु भयो ।

उद्घाटन समारोहलाई संवोधन गर्ने पहिलो वक्ता भू.पू. उपकूलपति सूर्यबहादुर शाक्य हुनुहुन्थ्यो । निस्पक्ष र स्वतन्त्र निर्वाचन प्रजातन्त्रमा मात्र संभव रहने कुरा हो भन्ने विचार व्यक्त गर्दै, हिजोको पंचायती शासनमा प्रशासनलाई मात्र होइन जनताको मानसिकतालाई समेत विकृत पारिएको थियो भन्ने राय पनि व्यक्त गर्नु भयो । निष्पक्ष तथा स्वतन्त्र निर्वाचनका लागि सरकार इमान्दार भयो भने धांधली हुनेछैन र संभावित धांधलीहरु रोक्न कठोर निर्वाचन ऐन तर्जुमा हुनु आवश्यक छ भन्ने राय पनि वहाले व्यक्त गर्नु भयो ।

यस सभालाई सम्वोधन गर्ने अर्का वक्ता हुनुहुन्थ्यो नेपाल वार एसोशिएसनका अध्यक्ष वासुदेव प्रसाद ढुङ्गाना । वहाले संविधानबाट अधिकतम् फाइदा प्राप्त गर्नका लागि जनताले निर्भिकताका साथ आफ्नो राजनैतिक अधिकार उपयोग गर्नु पर्दछ; निर्वाचन क्षेत्रको निर्धारण गर्न गैर सरकारी संगठनहरुको सल्लाह लिइनु पर्दछ; संभव भएसम्म निर्वाचन परिचय पत्र वितरण गर्ने व्यवस्था गरिनु पर्दछ; र जनतालाई उनीहरुको अधिकार प्रति सचेत गर्नुका अतिरीक्त मताधिकार कसरी प्रयोग गर्ने भन्ने कुरामा शिक्षित गर्नु पर्दछ भन्ने विचारहरु व्यक्त गर्दै पंचायत कालमा

निर्वाचन आयोग प्रभाव केन्द्रबाट स्वतन्त्र रहन नसकेको कुरा उदाहरण सहित प्रस्तुत गर्नु भयो ।

पाकिस्तानका भू.पू. न्यायाधीश डोराव पटेलले पनि सभालाई सम्बोधन गर्नु भएको थियो । निस्पक्ष र स्वतन्त्र निर्वाचन अपवाद हो भन्ने विचार व्यक्त गर्दै स्वतन्त्र तथा निस्पक्ष भन्नाले उमेद्वारहरुको आफ्ना विचारधारा तथा कार्यक्रमहरुको प्रचारगर्ने अधिकार लगायत निर्भिकताका साथ स्वईच्छाले मतदान गर्न पाउने जनताको अधिकारलाई समेत बुझिन्छ भन्ने राय वहाले व्यक्त गर्नु भयो । तेश्रो विश्वका देशहरुमा आम संचारका साधनहरुमा सरकारको नियन्त्रण रहेको हुन्छ र तिनीहरुको प्रयोग सत्तारुढ दलका विचारहरुको प्रचारगर्न गरिन्छ भन्ने अनुभव व्यक्त गर्दै विपक्षी दलका उम्मेदवारहरुले आफ्ना विचारहरु प्रशारण गर्न पाउदैनन र यसो हुनु निस्पक्ष तथा स्वतन्त्र निर्वाचनको वाधक हो भन्ने विचार वहाले व्यक्त गर्नु भयो ।

वरिष्ठ अधिवक्ता रामानन्द प्रसाद सिंहले पनि समारोहलाई संवोधन गर्नु भएको थियो । निर्वाचन जनताले वास्तविक प्रजातन्त्र प्राप्त गर्ने एकमात्र महत्वपूर्ण पद्धति हो भन्ने विचार व्यक्त गर्दै निर्वाचनमा आरक्षण र धार्मिक निरपेक्षताको प्रश्नहरुले प्रभाव पार्न सक्छन भन्ने शंका व्यक्त गर्नु भयो र यस संबन्धमा सचेत रहनुपर्ने संकेत गर्नु भयो ।

उद्घाटन समारोहमा अन्तिम वक्ता खड्ग ओली हुनुहुन्थ्यो । आफ्नो संवोधनको क्रममा वहांले जनतालाई आफ्ना मताधिकारप्रति सचेत रहन आग्रह गर्दै सवै राजनैतिक दलहरुलाई आचार संहिताको निर्माण गर्न र पालन गर्न अनुरोध गर्नु भयो ।

उद्घाटन समारोह पश्चात् गोष्ठीको पहिलो पूर्ण वैठक १३ गते २.४५ बाट शुरु भयो । यस वैठकको अध्यक्षता वरिष्ठ अधिवक्ता लक्ष्मण प्रसाद आर्यालिज्यूले गर्नु भएको थियो । यस पूर्ण वैठकका प्रमूख वक्ताको रुपमा श्रीलंकाका निलन तिरुचेलवम र पाकिस्तानका भू.पू. न्यायधीश

डोराब पटेलले आफ्नो विचारहरु सहभागीहरु समक्ष राख्नु भएको थियो । प्रथम वक्ताको रुपमा श्रीलंकाका निलन तिरुचेलवमले दक्षिण एशियामा बढिरहेको मानव अधिकारको बढ्दो उलङ्घन प्रति गंभीर चिन्ता व्यक्त गर्नु भयो । दक्षिण एशियाका देशहरुको अनुभववाट नसिक्ने हो भने नेपालमा पनि स्वतन्त्र र निस्पक्ष चुनाव हुने छैन भनी निर्वाचन के कसरी हुन्छ, निर्वाचन अपराधमाथि कसरी कारवाहि गरिन्छ, र कसरी मतगणना गरिन्छ भन्ने जस्ता कुराहरु प्रति सचेत हुनु पर्ने वास्तविकता माथि जोड दिनु भयो ।

प्रत्येक राजनीतिक दलहरुलाई संचारका माध्यमको समान सुविधा प्राप्त हुनुपर्छ; सबै दलका प्रतिनिधिहरु रहेका निर्वाचन आचार संहिताको पुनरावलोकन गर्ने समितिको निर्माण हुनुपर्छ; निर्वाचन बुथहरु सार्वजनिक स्थानहरुमा राखिनु पर्छ; ४८ घण्टा पूर्व नै चुनाव प्रचार प्रशार बन्द गरिनु पर्दछ; उम्मेदवारहरु द्वारा घर घरमा चुनाव प्रचारहरु गर्ने कार्यमाथि रोक लगाउनु पर्छ; उम्मेदवारहरुलाई मतदाताहरु ओसार्ने सबारीका साधनहरु व्यवस्था गर्नमा रोक लगाउनु पर्दछ; भन्ने गहकिला विचारहरु वंहाले राख्नु भएको थियो ।

अर्का प्रमुख वक्ताको रुपमा न्यायाधीश पटेलले सरकारी कर्मचारीहरुले धांधलीमा ठूलो भूमिका खेल्न सक्छन भन्ने विचार व्यक्त गर्नु भयो । यस सभाको अन्तमा सहभागीहरुका विभिन्न प्रश्नहरुको उत्तरपनि वहाहरुले दिनु भएको थियो ।

कार्यपत्रको प्रस्तुतीकरण

गोष्ठीमा कुलशेखर शर्मा, प्रकाश राज काफ्ले, बद्री बहादुर कार्की तथा सुवास नेम्वाङ र भरतराज उप्रेतीले तयार पार्नु भएको चार वटा कार्यपत्रहरु प्रस्तुत भएका थिए । मंसीर १४ गते ९.०० बजे देखि ११.०० सम्म संचालित कार्यपत्र प्रस्तुतिकरणको सभालाई डा. भेष बहादुर थापाले अध्यक्षता प्रदान गर्नु भएको थियो ।

"स्वतन्त्र र निस्पक्ष आम निर्वाचनका पूर्वाधार र अन्य आवश्यकता" विषयक कार्यपत्रका प्रस्तुतकर्ता विद्वान कुलशेखर शर्माले आफ्नो कार्यपत्र प्रस्तुत गर्दै जनताले एक प्रजातान्त्रिक संविधान प्राप्त गर्न सकेको र अब प्रजातन्त्रको संस्थापना गर्नका लागि संसदका लागि सिघ्र निस्पक्ष र स्वतन्त्र आम निर्वाचन हुनुपर्ने कुरामाथि जोड दिनु भयो ।

निर्वाचन प्रणाली, निर्वाचनक्षेत्रका प्रकार, मतदाताको न्यूनतम् उमेर जस्ता आमनिर्वाचनका कतिपय पूर्वाधारहरु संविधानले स्पष्ट गरीसकेको विचार व्यक्त गर्दै, निर्वाचन संबन्धी अन्य सबै व्यवस्था समावेश भएको निर्वाचन ऐन चाँडै आउने आशा वंहाले गर्नु भयो । निर्वाचन आगामी वैशाख महिना भित्र सम्पन्न गराउन भएको तयारीको गतिलाई सन्तोषजनक मान्न सकिएपनि निर्वाचनलाई सार्थक, स्वतन्त्र र निस्पक्ष बनाउन आवश्यक पूर्वाधाहरु पुरागर्नु पर्ने तर्फ अविलम्व विचारगर्नु आवश्यक छ भन्ने विचार व्यक्त गर्दै यसो गर्न नसक्दा २०१७ सालमा जनताले पाएको धोका दोहोरीन सक्ने खतरा प्रति वहाले सहभागीहरुलाई सचेत रहन आग्रह गर्नु भयो ।

स्वतन्त्र र निस्पक्ष आम निर्वाचनका लागि जनतामा व्यापक आधार भएका प्रजातान्त्रिक राजनैतिक दलहरुको अस्तित्व नै पहिलो पूर्वाधार हो भन्ने विचार व्यक्त गदै यस्ता दलहरुको आन्तरिक व्यवस्थामा प्रजातान्त्रिक प्रक्रिया संस्थापित हुनसक्नु पर्दछ भन्ने तथ्यमा शर्माले जोड दिनु भयो । संविधानको धारा ११३ ले राजनैतिक संगठन वा दलको विधान र नियम प्रजातान्त्रिक हुनुपर्ने पूर्व शर्त तोकेको हुंदा दलहरुका कार्यक्रम र उम्मेदवारहरुको निर्धारणमा दलका व्यापक सदस्यहरुको सहभागिता रहनु पनि स्वतन्त्र तथा निस्पक्ष चुनावको महत्वपूर्ण पूर्वाधार हो भन्ने कुरामा पनि वंहाले जोड दिनु भयो ।

पर्याप्त शान्ति र शुरक्षाको वातावरण निस्पक्ष र स्वतन्त्र आम निर्वाचनको अर्को महत्वपूर्ण पूर्वाधार हो भन्ने उल्लेख गर्दै वैध रुपमा

शान्तिपूर्ण ढंगले सभा गर्न, प्रदर्शन गर्न, अन्य तरिकाले आफ्नो प्रचार प्रशार गर्न, हरेक मतदातालाई स्वतन्त्रपूर्वक मतदान केन्द्रमा जाने र आफूले रोजेको उम्मेद्वारलाई मत प्रदान गर्ने निर्बाध स्वतन्त्रताको वातावरण हुनुपर्दछ भन्ने विचार विद्वान शर्माले व्यक्त गर्नु भयो ।

स्वतन्त्र, सक्षम र शशक्त निर्वाचन आयोग निस्पक्ष तथा स्वतन्त्र आम निर्वाचनको अर्को महत्वपूर्ण पूर्वाधार हो भन्ने विचार व्यक्त गर्दै, यस्तो निर्वाचन आयोग सरकारी नियन्त्रणबाट स्वतन्त्र हुनुका साथै निर्वाचन गराउन सक्ने शक्ति र साधन सम्पन्न पनि हुनुपर्दछ भन्ने राय पनि वहाले व्यक्त गर्नु भयो ।

प्रजातान्त्रिक परम्परा र संस्थाहरुको बलियो जग बसिनसकेको हाम्रो जस्तो देशमा सरकारी संचार माध्यमहरु तथा जिल्ला प्रशासनले निर्वाचन प्रक्रिया र नतिजामा विभिन्न प्रकारले ठूलो असर पार्न सक्ने हुँदा संचार माध्यमहरु तथा जिल्ला प्रसाशन यन्त्रलाई निस्पक्ष र तटस्थ राख्ने पर्याप्त व्यवस्था हुनु निस्पक्ष र स्वतन्त्र आम निर्वाचनको अर्को पूर्वाधार हो भन्ने विचार पनि शर्माले व्यक्त गर्नु भयो ।

अर्का कार्यपत्र प्रस्तुतकर्ता अधिवक्ता सुवास नेम्वाङ्गले आफ्नो र सह-लेखक अधिवक्ता भरत उप्रेतीको तर्फबाट "निर्वाचन कानूनले समेट्नु पर्ने केही महत्वपूर्ण सैद्धान्तिक तथा व्यवहारिक पक्षहरु" शीर्षकको कार्यपत्र प्रस्तुत गर्ने क्रममा २०१७ सालमा राजा महेन्द्रले गरेका ऐतिहासिक गल्तीलाई समाप्त गर्ने जनआन्दोलनको परिणामस्वरुप आएको संविधानका सकारात्मक तथा नकारात्मक दुवै पक्षहरु छन् भन्ने विचार व्यक्त गर्दै निस्पक्ष र स्वतन्त्र आम निर्वाचन सम्पन्न गर्नका लागि कतिपय महत्वपूर्ण नियम बनाउनु पर्ने आवश्यकता छ भन्नु भयो । यसका लागि जनप्रतिनिधि ऐन २०१५ लाई केही हदसम्म सहयोगको लागि लिन सकिन्छ तर ३० वर्षको निरंकुश शासनले जन्माएको असंख्य विकृति र प्रतिगामी तत्वहरु हालसम्म पनि सक्रिय रहेको अवस्थामा निर्वाचन शान्तिपूर्ण ढंगले सम्पन्न गर्न निर्वाचन कार्यमा संलग्न हुने

सरकारी यन्त्र, निर्वाचन कार्यमा प्रभाव पार्न सक्ने आम संचार, प्रहरी तथा स्थानिय प्रशासन जस्ता निकायहरुको तटस्थता प्रत्याभूति गर्न अब बन्ने निर्वाचन ऐनमा विशेष व्यवस्थाहरु हुनुपर्दछ भन्ने विचार नेम्बाङ्गज्यूले गर्नु भयो ।

नेपालको संविधान २०४७ ले १८ वर्ष उमेर पुगेको नेपाली नागरिकले प्रतिनिधि सभाको निर्वाचनमा भाग लिन पाउने व्यवस्था गरी अन्य कुराको व्यवस्था ऐनले गर्न सक्ने व्यवस्था गरेका तथ्य प्रति इंगित गर्दै निकट भविष्यमा बन्ने निर्वाचन ऐनले सामान्य बहुमत प्रणाली तथा समानुपातिक प्रतिनिधित्व प्रणाली मध्ये कुनै एकलाई अवलम्बन गर्न सक्ने स्थिति देखिन्छ । कुनै पनि प्रणाली आफैमा दोषरहित नरहेको अवस्थामा बहुसंख्यक अशिक्षित नेपाली मतदाताले बुझ्न र आफूले चाहेको राजनितिक दलको उम्मेदवारलाई छनौट गर्न सक्ने प्रणाली र कुनै एकदलिय निरंकुशताको विकास हुनसक्ने अवस्थालाई रोक्न सक्ने प्रत्याभूति दिने ऐन निर्माण हुनु पर्दछ भन्ने कुरामा वहाले विशेष जोड दिनु भयो ।

यसका अतिरीक्त कार्यपत्रले मतपत्र अज्ञानतावस च्यातिए वा बेकम्मा भएमा अर्को मतपत्र दिने व्यवस्था; प्रहरी तथा सेनाका मतदाताहरुले सामान्य नागरिक सरह व्यारेक वा सैनिक केन्द्र भन्दा बाहिर रहेका मतदान केन्द्रमा आएर मत दिन पाउने व्यवस्था ; थुनामा वा कारागारमा रहेको मतदाताहरुले निस्पक्ष रुपमा मत दिन पाउने र मतदान कार्यको लागि कारागार भित्रै छुट्टै मतदानकेन्द्रको व्यवस्था; संवन्धि व्यवस्थाहरु भावी ऐनले गर्नु पर्दछ भन्ने कुरामा कार्यपत्र प्रस्तुतकर्ताले विशेष जोड दिनु भयो ।

कार्यपत्रले संचारका माध्यमहरुलाई निस्पक्ष रहनु पर्ने; निर्वाचन आयोगका आयुक्त लगायत निर्वाचनमा संलग्न हुने हजारौं निजामती तथा प्रहरी कर्मचारी तटस्थ रहनु निर्वाचनको महत्वपूर्ण पूर्वाधार हो भन्ने कुरामा विशेष जोड दिदै यस्ता कर्मचारीहरुको नियुक्तिमा कसरी दलिय र

सरकारी प्रभाव वा दवाव हटाउन सकिन्छ र यी नियुक्तिहरुलाई कसरी निर्वीवाद बनाउन सकिन्छ भन्ने कुरामा ऐनमा विशेष व्यवस्था गरिनु पर्ने कुरामाथि पनि कार्यपत्र प्रस्तुतकर्ताले जोड दिनु भयो ।

यसका अतिरीक्त स्थानिय प्रशासन प्रमुख तथा प्रहरी प्रमुखको सरुवा, बढुवा, नियुक्तिमा दलिय स्वार्थ रहेमा निर्वाचनमा ठूलो प्रभाव पर्दछ अत: यस्तो अवस्थामा त्यस उद्देश्यले नियूक्त गरिएमा त्यसलाई वदर गर्न पाउने अधिकार निर्वाचन आयोगलाई दिइनु पर्ने, सत्तारुढ दलको सरकारले चुनाव भन्दा छ महिना पहिलादेखिनै कार्यक्रमहरु तथा नीतिहरु घोषणा गरी चुनावलाई प्रभावित गर्न सक्ने हुनाले यस्ता कार्यमाथि वन्देज लगाउने विचारपनि वहाले दिनु भयो ।

सत्तारुढ दलका सरकारमा प्रतिनिधित्व गर्ने व्यक्तिहरुले निर्वाचन कार्यक्रम घोषणा भएपछि सरकारी साधन प्रयोग गर्नमा वन्देज लगाउने; धार्मिक समारोहरुमा कूनै राजनैतिक दलको प्रचार गर्न नहुने; सत्तारुढ दलका मन्त्री, कर्मचारी, तथा कार्यकर्ताले सरकारी समारोहमा आफ्नो दलको कार्यक्रमको विषयमा बोल्न नपाउने; जस्ता व्यवस्थाहरु ऐनमा गरिनु पर्ने, निर्वाचनमा कुनै उम्मेदवारको व्यक्तिगत चरित्रमा आँच आउने झुठ्ठा कुराहरुको प्रचार प्रशार गरेमा, मतपत्र बाहिर ल्याएमा, कसैले कुनै उम्मेदवारलाई जिताउन प्रचार प्रसारको लागि आफैले खर्च गरेमा वा अरुलाई खर्च गर्न लगाएमा उम्मेदवारलाई प्रलोभनमा पार्ने वा फकाउने कुनै पनि प्रकारको काम गरेमा वा शान्ति व्यवस्था भंग हुने कुनै कार्य, जुन जनप्रतिनिधि ऐन २०१५ को दफा ५५ देखि दफा ६३ व्यवस्थीत छन्, अव बन्ने निर्वाचन ऐनमा पनि समावेश गरिनु पर्दछ भन्ने विचारपनि वहाले व्यक्त गर्नु भयो ।

निर्वाचन संवन्धी विवादहरु विशेष अदालतद्वारा होइन राज्यका नियमित अदालतहरुद्वारा निर्णय हुने व्यवस्था ऐनले गर्नु पर्दछ भन्ने राय व्यक्त गर्दै, नेपालको परिप्रेक्ष्यमा यस्ता विवादहरुको क्षेत्राधिकार

पुनरावेदन अदालतलाई दिइनु पर्दछ भन्ने कुरा पनि वहाले ध्यानार्कषण गर्नु भयो ।

तेश्रो कार्यपत्र प्रस्तुतकर्ता हुनुहुन्थ्यो मानव अधिकार संरक्षण मंचका महासचिव प्रकाशराज काफ्ले । वहाले आफ्नो कार्यपत्र "आम निर्वाचनको निम्ति राष्ट्रिय, अन्तराष्ट्रिय पर्यवेक्षण" शीर्षकको कार्यपत्र सभा समक्ष प्रस्तुत गर्नु हुदै विगत पंचायती चुनावमा मतदान पुर्वनै व्यालेट पेपरहरु वांडिएका र मतगणेना हुर्दाहुदै वत्ति निभाएर धांधली गरिएका घटनाहरुको स्मरण गराउनु भयो । विगतका निर्वाचनमा व्यापक धांधली हुदा हुदै पनि गैर सरकारी संस्थाहरुले प्रमाणहरु संकलन गरी व्यापकरुपले जनतासमक्ष पुऱ्याउन नसकेको र अन्तराष्ट्रिय स्तरमा पनि चासो नदेखाएकोले पनि पंचायतुले आफ्नो जीवनमा केही वर्ष थप्न सक्यो भन्ने कुरालाई मार्मिक तवरले राख्दै वहांले अव हुने निर्वाचनले साचिनै सहीढंगले जनताको ईच्छाको प्रतिनिधित्व गर्न सकोस भन्नको लागि र चुनाव निस्पक्ष र स्वतन्त्र होस भन्नको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यवेक्षणको परिकल्पना गरिएको जानकारी वहांले दिनु भयो ।

निर्वाचन मिति निश्चित हुनु करिव तीन महीना अगाडि नै राष्ट्रिय पर्यवेक्षण टोली निर्माण गर्ने र त्यसले संभव भएसम्म बढि जिल्लामा जिल्ला पर्यवेक्षण टोलीहरु निर्माण गर्ने र यस्तो राष्ट्रिय पर्यवेक्षण समूहले अन्तराष्ट्रिय समूहका सदस्यहरुको निम्ति जिल्लाको वस्तुस्थितिको विवरण दिने कार्यक्रम रहेको समेत जानकारी वहांले दिनु भयो ।

अन्तिम कार्यपत्र प्रस्तुतकर्ता हुनुहुन्थ्यो अधिवक्ता बद्री बहादुर कार्की । "स्वतन्त्र एवं स्वच्छ निर्वाचन प्रकृया तथा प्रभावकारी उपचार व्यवस्था र निर्वाचन कानून" विषयक आफ्नो कार्यपत्रमा प्रस्तुतकर्ताले प्रजातन्त्र र वालिग मताधिकारमा आधारित आम निर्वाचन एक अर्कामा पर्यायवाची शव्दको रुपमा लिईन्छ भन्ने आफ्नो विचार व्यक्त गर्दै संविधान र कानूनले गोप्य मतदान द्वारा प्रतिनिधि छान्ने र छानिने

राजनैतिक प्रक्रिया र गतिविधीमा सहभागी हुन पाउने कुनै पनि बालिग नागरिकको अधिकारमाथि अनुचित प्रतिबन्ध लगाइनु हुन्न; उम्मेदवार तथा कार्यक्रमहरुका बारेमा सुसुचित हुने मौकाबाट वंचित गरीनु हुदैन, तथा निस्पक्ष तथा स्वतन्त्र निर्वाचनमा बिजयी हुने उम्मेदवार वा दललाई सरकार गठन गर्ने तथा संचालन गर्ने अधिकारको सम्मान हुनुपर्दछ भन्ने कुरामा कार्यपत्र प्रस्तुतकर्ताले जोड दिनु भएको थियो ।

निर्वाचन संबन्धि ऐन निर्माण हुनुपर्ने कुरातर्फ विशेष जोड दिदै उक्त ऐनले एक व्यक्तिले एक मतको आधारमा मताधिकार प्रयोग गर्न पाउने; कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्न पाउने; कुनै पनि निर्वाचन क्षेत्रबाट उम्मेदवार हुन पाउने, व्यबस्था गर्नु पर्दछ भन्ने कुरामा बहाले जोड दिनु भएको छ यसका अतिरिक्त निर्वाचन क्षेत्रको निर्धारण गर्ने र आयोगले गर्न सक्ने काम कर्तव्य र कार्यविधि संवन्धी सम्पूर्ण कुराहरु निश्चित गर्ने विषयको निर्वाचन आयोग ऐन र निर्वाचन क्षेत्र निर्धारण आयोग ऐन बन्नु पर्ने कुरामाथि पनि कार्यपत्र प्रस्तुतकर्ताले जोड दिनु भएको छ ।

कार्यपत्रहरुको प्रस्तुतिकरण गर्ने सभाको समापन पछि "क" तथा "ख" समूहमा छलफलका लागि विभाजित निम्न बुदांहरुका संबन्धमा गोष्ठीमा सहभागी हुनु भएका विभिन्न वक्ताहरुले आफ्ना गहकिला विचारहरु राख्नु भएको थियो । छलफलका लागि निम्न बुंदाहरु निर्धारण गरीएका थिए ।

समूह (क) निर्वाचन सम्वन्धी कानून र मतदानको अधिकार

१) निर्वाचन प्रणाली

२) मतदान सम्वन्धी अधिकारको प्रयोगका बाधक तत्वहरु

३) प्रतिनिधि सभाको उमेदवारको लागि अयोग्यता

४) निर्वाचन क्षेत्रको निर्धारण

५) मत गणना कहाँ गर्ने

६) निर्वाचन अपराध र सजाय

७) निर्वाचन सम्बन्धि विवाद हेर्ने निकाय

८) बन्दीहरुको मतदान सम्बन्धि अधिकार

९) प्रहरी सेना तथा निर्वाचन कर्मचारीहरुको मतदान सम्बन्धि अधिकारको प्रयोग

१०) निर्वाचनमा उमेदवार तथा राजनैतिक दलहरुको खर्च

११) कुनै राजनैतिक दलमा फूट भएमा कसलाई मान्यता दिने

समूह (ख) स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका पूर्वाधारहरु

१) सरकारी संचार माध्यमको तटस्थता तथा निष्पक्षता

२) निर्वाचन आयोग र निर्वाचन कर्मचारीको निष्पक्षता र तटस्थता

३) सरकारी साधन र संयन्त्रको दलगत प्रयोगमा बन्देज

४) निर्वाचनको कार्यक्रम प्रकाशित भएपछि मतदाताहरुलाई प्रभाव पार्ने खालको नीति तथा कार्यक्रमको सन्चालन तथा निर्धारण

५) स्थानीय प्रशासन र प्रहरीको निष्पक्षता तथा तटस्थ संचालन

६) प्रभावकारी शान्ति सुरक्षाको व्यवस्था

७) निर्वाचनमा असर पार्न सक्ने कर्मचारीहरुको नियुक्ती, सरुवा तथा बढुवा लगायतको बन्देज

८) निर्वाचनका विविध पक्षका सम्वन्धमा जनतालाई शिक्षित गराउने कार्यक्रम

९) सरकारी समारोह कार्यक्रमलाई दलीय स्वार्थको लागि प्रयोग नगर्ने

१०) धार्मिक स्थल तथा कार्यक्रमलाई दलीय प्रयोग तथा निर्वाचन प्रचारबाट स्वतन्त्र राख्ने

समूहगत छलफलका बैठकहरुमा डा भेष बहादुर थापा, अधिवक्ता दमन ढुङ्गाना, सुन्दरमणी दिक्षीत तथा नरेश बर्माले अध्यक्षता गर्नु भएको थियो ।

विद्वान प्रमुख वक्ताहरुका विद्वतापूर्ण विचारहरु, विद्वान कार्यपत्र प्रस्तुतकर्ताहरुले प्रस्तुत गर्नु भएको कार्यपत्रहरु तथा माथि उल्लेखित बुदांहरुका संवन्धमा विचार व्यक्त गर्ने विद्वान सहभागीहरुका छलफल समेतका आधारमा निम्न लिखित विषयहरुमा गोष्ठीमा आमसहमति रहेको पाईयो ।

आम सहमतिका बुंदाहरु

१) संचारका माध्यमहरुको निस्पक्षता

रेडियो, टेलीभिजन तथा सरकारी स्वामित्व अर्न्तगत रहेको पत्र पत्रिकाहरु तटस्थ तथा निस्पक्ष रहनु पर्दछ ।

२) निर्वाचन क्षेत्रको निर्धारण

निर्वाचन क्षेत्रको निर्धारण गर्दा कुनै उमेदवार तथा कुनै राजनैतिक दलको हित गर्ने दृष्टिकोणबाट नभइ जनसंख्या, भौगोलिक अवस्था तथा मतदान सुविधा समेत लाई ध्यानमा राखि एक छुट्टै निस्पक्ष आयोगले गर्ने व्यवस्था हुनुपर्दछ ।

३) सचेतता कार्यक्रम

निस्पक्ष र स्वतन्त्र निर्वाचन नै प्रजातन्त्रको वास्तविक पूर्वाधार भएबाट र निर्वाचनको वास्तविक महत्व जागरुक मतदाताको मतदानमा रहने हुँदा मतदातालाई उनीहरुको मताधिकार प्रति सचेत गर्नु अति नै आवश्यक छ र यस सबन्धमा र गैर सरकारी संघ संस्थाहरुले राजनैतिक दलहरु र सरकारी निकायहरु समेतले मतदाताहरुको आम सहभागिता जुटाउन सचेतता कार्यक्रम संचालन गर्नु पर्दछ । निस्पक्ष निर्वाचनमा संलग्न कर्मचारीहरुको पनि ठूलो भूमिका रहने हुनाले यस्ता कर्मचारीहरुलाई निर्वाचनको बारेमा विभिन्न जानकारी दिने कार्यक्रमहरु संचालन गरिनु पर्दछ ।

४) शान्तिपूर्ण वातावरण

स्वतन्त्र तथा निस्पक्ष निर्वाचनको निमित्त शान्ति तथा शुरक्षापूर्ण वातावरण कायम हुनुपर्दछ । मतदाताहरुलाई निर्वाचन शान्तिपूर्ण हुनेछ भन्ने विश्वास दिलाउन सक्नु पर्दछ । यस्तो वातावरणको सृजना राजनैतिक दलहरु तथा सरकारले गर्नु पर्दछ ।

५) निर्वाचन अधिकारीको नियुक्ति

बहालवाला जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकारी नियुक्त गर्नु पर्दछ । निर्वाचन अधिकारी लगयत निर्वाचनमा सरीक हुने सबै प्रहरी तथा निजामति कर्मचारीहरुको जीवन बीमा गर्ने व्यवस्था गरिनु पर्दछ ।

६) कर्मचारीहरुको सरुवा बढुवामा बन्देज

निर्वाचनको निस्पक्षता कायम गर्नका लागि निर्वाचनको निश्चित अवधि अगावै कर्मचारीहरुको सरुवा बढुवा आदि गर्न बन्देज लगाउनु पर्दछ ।

७) पर्यवेक्षण टोली

निर्वाचनको निस्पक्षतामा पर्यवेक्षण टोलीको महत्वपूर्ण सकारात्मक भूमिका हुने हुनाले अन्तराष्ट्रिय पर्यवेक्षण टोलीलाई आमन्त्रित गर्नुका साथै राष्ट्रिय पर्यवेक्षण टोलीको पनि गठन गर्नु आवश्यक देखिन्छ ।

८) मतदान अधिकार प्रयोगको बाधक तत्व

मतदान संवन्धी अधिकारको प्रयोगका बाधक तत्वहरुको संवन्धमा प्रतिगामी तत्व र पुनर्उत्थानवादी तत्व नै प्रमुख बाधक हुन । जनताको अशिक्षा पनि एक बाधक तत्व हो । पुर्नउत्थानवादी षडयन्त्रहरुलाई पराष्ट गर्न तथा जनतालाई जागरुक गर्न गैर सरकारी संगठनहरुले महत्वपूर्ण भूमिका खेल्न सक्ने हुनाले आममतदाताहरुमा पुगी कार्य गर्न सबै त्यस्ता संगठन हरुलाई क्रियाशिल गरिनु पर्दछ ।

९) मतगणना

मतगणना गर्दा मतदान केन्द्रमा नै गणना गर्ने वा सदरमुकाममा मतपेटीका ल्याई गणना गर्ने संवन्धमा सामान्य अवस्थामा मतदान केन्द्रमानै गणना गर्ने, तर शान्ति शुरक्षाको अवस्था नरहेको अवस्थामा भने सदरमुकाममानै मतपेटीका ल्याई मत गणना गर्ने ।

१०) काठमाडौं बाहिर कार्यक्रम आयोजना गर्ने

निर्वाचन संवन्धी गोष्ठी तथा अन्य कार्यक्रमहरु काठमाडौं भित्र सिमीत नराखी काठमाडौं बाहिर विभिन्न स्थानहरुमा आयोजना गर्ने ।

११) मतदान गर्न पाउने

प्रचलित कानूनले मतदानको अधिकार निलम्वन गरिएका व्यक्तिहरु बाहेक सबै बन्दीहरु, विरामीहरु र कुष्ठरोगीहरु समेतले मतदान गर्न सक्ने गरि कारागार, कुष्ठरोग अस्पतालहरुमा मतदान केन्द्र राख्ने व्यवस्था गर्ने ।

१२) निर्वाचन खर्च

राजनैतिक दलहरु निर्वाचनमा खर्च गर्दा न्यूनतम् र आवश्यक खर्च मात्र गर्ने, यस बारेमा आत्म नियन्त्रण विकसित गर्ने एवं कानूनले पनि निर्वाचनमा गरिने खर्चको वास्तविकतामा आधारित निर्धारण गर्नु पर्ने ।

१३) सरकारी समारोहमा बन्देज

निर्वाचनमा प्रभाव पर्ने गरी सरकारी समारोह, कार्यक्रम र सरकारी साधनको प्रयोगलाई बन्देज लगाउने ।

१४) निर्वाचन अपराधमा सजाय

निर्वाचनमा कानूनको उलङ्घन गर्ने र कुनै किसिमको धांधली गर्ने व्यक्तिलाई ऐनमा सजायको व्यवस्था गरिनु पर्ने कुरामा आम सहमति रह्यो तर सजायको मात्रा कति हुनुपर्ने भन्ने कुरामा मतभेद देखियो । कुनै सहभागिबाट त्यस्तो कानूनको उलङ्घन गर्ने व्यक्तिको मतदान गर्ने वा उमेद्वार हुने अधिकार केही अवधिको लागि केवल निलम्बन गर्ने सजाय दिनुपर्ने धारणा पनि व्यक्त भयो भने कुनै सहभागीबाट त्यस्तो कानूनको उलङ्घनमा अधिकतम १० वर्ष सम्म कैद र एकलाख रुपैया सम्म जरीवाना हुने कानूनको निर्माण हुनुपर्ने धारणा पनि व्यक्त भयो ।

१५) निर्वाचन अदालत

निर्वाचन संचालनमा स्वयं जिल्ला स्तरीय न्यायधिशहरुको सहभागिता हुने संभावनाको साथसाथै जिल्ला न्यायधिशहरु स्थानीय परिस्थितिबाट प्रभावित हुने बढि संभावना देखिएको हुँदा निर्वाचन संबन्धी मुद्दा हेर्ने अधिकारक्षेत्र पुनरावेदन अदालतलाई प्रदान गरिनु पर्ने ।

१६) धार्मिक स्थान र समारोहमा प्रचारप्रसार गर्न नहुने

धार्मिक स्थललाई राजनैतिक प्रयोगको कुनै पनि प्रकारको गतिविधिबाट मुक्त राख्न निर्वाचन सम्बन्धी प्रचार प्रसार लगायतका कार्य त्यस्ता स्थानमा वा समारोहमा कानूनी रुपमा निषेध गरिनु पर्दछ ।

१७) कर्मचारीहरुलाइ प्रभाव मुक्त राख्ने

निर्वाचन आयोग, स्थानिय प्रशासन, प्रहरी एवं निर्वाचन कार्यमा खटाइने कर्मचारीहरुलाई कुनै पनि राजनैतिक दल वा अन्य कुनै पनि किसिमको शाक्ति केन्द्रको प्रभावबाट मुक्त राख्ने प्रभावकारी अवस्था हुनुपर्दछ ।

१८) झुठ्ठा मतदाताहरुलाई निरुत्साहीत गर्ने

झुठ्ठा मतदाताहरुलाई निरुत्साहित गर्नका लागि मतदाताको पहिचान सम्बन्धि प्रभावकारी व्यवस्था अपनाउनु पर्ने;

१९) संयुक्त रुपमा चूनाव लड्नु पर्ने

पुनरुत्थानवादी शक्तिहरुले टाउको उठाउन नपाउन भन्ने उद्देश्यले गत जनआन्दोलनमा जस्तै गरी बामपन्थी समूह एवं नेपाली कॉंग्रेसले आगामी निर्वाचन संयुक्त रुपमै लड्ने तर्फ विचार गर्नु पर्दछ ।

२०) मानव अधिकार उलङ्घन गर्नेहरुलाई सजाय हुनुपर्ने ।

विगत जन आन्दोलन दवाउने सिलसिलामा मानव अधिकारको उलङ्घन गर्ने सरकारको विभिन्न तहमा बसेका व्यक्तिहरु माथि अविलम्व कारवाहि गरि उचित सजाय गरिनु पर्दछ ।

२१) अन्य देशका जनताको जन आन्दोलनको सर्मथन

बाङ्गलादेश, भुटान र बर्माका जनताहरुले प्रजातन्त्रको स्थापनाको लागि गरिरहेको आन्दोलनहरु प्रति ऐक्यबद्धता जनाउँदै निरंकुश तौरले शासन गर्ने र जनआन्दोलन दवाउन क्रियाशिल रहेको त्यहाँको सरकारहरुको उक्त कार्यहरु प्रति आपत्ति व्यक्त गर्दै विरोध जनाउने ।

२२) शक्तिको प्रयोग नगर्ने

आपसका विवादहरु स्वच्छ राजनैतिक प्रतिस्पर्दा तथा बादविवादबाट हलगर्नेमा कुनै पनि अवस्थामा शक्ति तथा बल प्रयोग नगर्न सबै राजनैतिक दलहरुलाई अनुरोध गर्ने ।

उर्पयुक्त आम सहमतिका बुंदाहरु बाहेक बैठकमा निम्न धारणाहरु पनि सहभागिहरुबाट प्रकट भए ।

१) सरकारी स्वामित्वका आम संचारका साधानहरु निस्पक्ष हुन नसकेको गुनासो धेरै सहभागीहरुबाट व्यक्त भयो भने केही सहभागीहरुले त्यस्ता साधनहरु निष्पक्ष रहेको कुरामा पनि जोड दिनु भयो । केही सहभागिहरुले सरकारी स्वामित्वमा रहेका आम संचारका साधनहरुलाई स्वायत्तता प्रदान गर्नु पर्ने, र निजी क्षेत्रमा रेडियो तथा टेलिभिजन संचालन गर्न दिने कानूनी व्यवस्था हुनुपर्ने विचारहरु पनि व्यक्त गनुका साथै केही सहभागिले वैकल्पीक संचार माध्यमको विकास गर्नुपर्ने राय पनि प्रकट गरे ।

२) निर्वाचन आयोग तथा आम संचार माध्यमका साधनहरुमा कार्यरत कर्मचारीका लागि छुट्टै आचार संहिताको व्यवस्था गर्नु पर्ने विचार पनि केही सहभागिहरुले प्रकट गरे ।

३) अन्तर्राष्ट्रिय पर्यवेक्षण समूहको गठन कुनै एक राजनैतिक दलले मात्र नगरी राष्ट्रिय समन्वय समितिले गर्ने व्यवस्था होस भन्ने राय पनि केही सहभागीहरुबाट भयो ।

४) स्वास्नी मानिस मतदाताको लागि अलग्गै मतदान बुथको व्यवस्था हुनुपर्ने मत पनि केही सहभागीहरुको रह्यो ।

५) निर्वाचन प्रणाली समानुपातिक प्रतिनिधित्व मूलक हुनुपर्दछ भन्ने राय पनि वैठकमा व्यक्त भयो ।

६) निस्पक्ष र स्वतन्त्र निर्वाचनको लागि सर्वप्रथम सवै राजवन्दीहरुको रिहाई हुनुपर्दछ ।

७) मतदान शान्तिपूर्वक गर्नका लागि उम्मेदवारहरुलाई मतदानको अवधिभर मतदान केन्द्र भन्दा-छुट्टै ठाउँमा राख्ने व्यवस्था हुनुपर्दछ भन्ने मतेपनि केही सहभागीहरुबाट व्यक्त भए ।

८) संचारका माध्यमहरुलाई तटस्थ बनाउनका लागि छुट्टै ऐनको व्यवस्था हुनुपर्ने राय पनि केही वक्ताहरुले व्यक्त गर्नु भयो ।

९) नेर्वाचनमा संलग्न हुने कर्मचारीलाई निस्पक्ष र तटस्थ बनाउनका लागि निर्वाचन पछि मात्र स्थाइ गर्ने वा पुन नेयुक्ती वा थमौति हुने अवस्था रहेको कर्मचारीलाई निर्वाचन अधिकृत तथा अन्य हैसियतमा निर्वाचन कार्यमा संलग्न नगराउने ।

१०) संवैधानिक निकायहरुको निर्वाचन पूर्व नै पुर्नगठन गर्नु पर्ने ।

गोष्ठीको अन्तिम पूर्ण वैठक १५ गते ३.३० बाट शुरु भएको थियो । यस पूर्ण वैठकको अध्यक्षता वरिष्ठ अधिवक्ता रामानन्द प्रसाद सिंहज्यूले गर्नु भएको थियो । उक्त वैठकमा विभिन्न महत्वपूर्ण प्रस्तावहरु सहित गोष्ठीको प्रतिवेदनलाई आमसहमतिबाट पारित गरिएको थियो ।

गोष्ठीको प्रतिवेदन पारित गर्ने कार्यक्रम पश्चात् समापन समारोहलाई अधिवक्ता तथा विघटित संविधान सुझाव आयोगका सदस्य दमन दुङ्गाना तथा वरिष्ठ अधिवक्ता शंभु प्रसाद ज्ञवालीले संवोधन गर्नु

भएको थियो । आफ्नो संबोधन वक्तव्यको क्रममा श्री दुङ्गानाले आगामी आम निर्वाचनको स्वतन्त्रता र निस्पक्षतामा शंका गर्नु भनेको बहुदलिय व्यवस्था माथि आस्था र विश्वासको संकट हुनु हो भन्ने विचार व्यक्त गर्नु भयो ।

यसै गरि श्री शंभु प्रसाद श्रवालीज्यूले निर्वाचनको पर्यवेक्षण माथि जोड दिदै राष्ट्रिय पर्यवेक्षण टोलीलाई समन्वयात्मक ढंगबाट सहयोग पुऱ्याउनु पर्दछ भन्ने कुरामा जोड दिनु भयो ।

अन्तिम वक्ताको रुपमा इनसेकका संयोजक श्री सुशिल प्याकुरेलले बहुदलिय प्रजातन्त्र जनताको सकृय सहभागिता विना विकशित हुन नसक्ने तथा आगामी निर्वाचन प्रजातन्त्रको जग बनाउने एउटा प्रमुख माध्यम भएकोले त्यसरी निर्वाचनमा गाँउघरका जनतालाई समेत सकृय र आत्मसम्मानका साथ भागलिने स्थितिको यथासक्य श्रृजना गर्ने उद्देश्यबाट गरिएको सो गोष्ठीमा सकृयतापूर्वक भागलिने सम्पूर्ण सहभागीलाई धन्यवाद दिदै अब लगतै पछि देखि इनसेकले सचेतनता कार्यक्रम अर्न्तगत अधिराज्यका विभिन्न जिल्लामा गोष्ठी, सभा र तालिमको समेत आयोजना गर्ने कुरा बताउनु भयो ।

"स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका पूर्वाधारहरू" विषयक गोष्ठीका सहभागीहरू छलफल गर्दै हुनुहुन्छ ।

हाम्रो मनाई

इनसेक जनताको सचेतनता वृद्धि गर्ने काममा विभिन्न रूपमा आफूलाई संलग्न राख्दै आएको छ। यस परिपेक्षमा वहुदलिय आधारमा हुने आगामी आम निर्वाचनको अवसरमा पनि इनसेकले "ग्रामीण क्षेत्रमा सचेतनता अभिवृद्धि" कार्यक्रम संचालन गर्दैछ। पाँच विभिन्न चरणमा पुरा गरिने सो कार्यक्रमको दोश्रो चरणमा काठमाण्डौंमा "स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका पूर्वाधारहरू" विषयक तीन दिने गोष्ठीको आयोजना गरिएको थियो। सो गोष्ठीमा काठमाण्डौं र मोफसलका सहभागीहरूले छलफल गरी विभिन्न निष्कर्षहरू निकाल्नु भएको थियो। सोही गाष्ठीको प्रतिवेदनलाई हामीले पाठक समक्ष प्रस्तुत गर्दैछौं। आशा छ यस प्रतिवेदनले आगामी निर्वाचनलाई स्वतन्त्र तथा निष्पक्ष रूपमा सम्पन्न गराउन थोरै भएपनि सहयोग पुऱ्यांउने छ।

अन्तमा यो प्रतिवेदन तयार पार्ने काममा संलग्न रहनुभएका सहयोगीहरू युवराज संग्रौला, सतिष कृष्ण स्वरेल, सूर्य किरण गुरूङ्ग, पूर्णमान शाक्य एवम् केशव भट्टराई लगायत पुस्तक तयार पार्ने काममा सहयोग गर्नु हुने इनसेकका ठाकुर ढकाल तथा छपाईको काममा सघाउने प्रेम तिवारीलाई हार्दिक धन्यवाद दिन चाहन्छौं।

२०४७ पौष

इनसेक
काठमाण्डौं।